बैठक नं.७१

आज मिति २०७७/०९/७ गतेका दिन बुटवल उप-महानगरपालिकाका का.वा. प्रमुख श्री गुमादेवी आचार्यज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक बसियो ।

समय : दिनको ३:०० बजे ।
स्थान : नगर कार्यपालिकाको भवन ।

उपस्थिति

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | गुमा देवी आचार्य | का.वा.प्रमुख | |
| २ | महेन्द्र प्रसाद लिगल | सदस्य | |
| ३ | रमेश प्रसाद नेपाल | सदस्य | |
| ४ | लाल प्रसाद वस्याल | सदस्य | — |
| ५ | टंक प्रसाद पराजुली | सदस्य | |
| ६ | तेज बहादुर सुनार | सदस्य | |
| ७ | जगदिश चन्द्र आचार्य | सदस्य | |
| ८ | कमल प्रताप थापा | सदस्य | Absent |
| ९ | भिम बहादुर श्रेष्ठ | सदस्य | |
| १० | बिष्णु बहादुर थापा | सदस्य | |
| ११ | पदम बहादुर थापा | सदस्य | |
| १२ | रामचन्द्र क्षेत्री | सदस्य | |
| १३ | दुर्गा प्रसाद सुवेदी | सदस्य | |

| सि.नं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १४ | नारायण प्रसाद पुन | सदस्य | |
| १५ | दधिराम न्यौपाने | सदस्य | |
| १६ | डम्मर बहादुर भण्डारी | सदस्य | |
| १७ | राम प्रसाद रेग्मी | सदस्य | |
| १८ | सन्त बहादुर राना | सदस्य | |
| १९ | हुमनाथ आचार्य | सदस्य | |
| २० | हिम बहादुर खत्री | सदस्य | |
| २१ | डिल प्रसाद नेपाली | सदस्य | |
| २२ | रन्जित शेरचन | सदस्य | |
| २३ | माया देवी वराल (विश्वकर्मा) | सदस्य | |
| २४ | बिमला श्रेष्ठ | सदस्य | |
| २५ | सिता कुमारी थापा | सदस्य | |
| २६ | शुष्मा कुमारी अर्याल | सदस्य | |
| २७ | विष्णु कुमारी शर्मा | सदस्य | — |
| २८ | चक्रपाणि शर्मा | प्रमुख प्रशासकीय अधिकृत | |

चित्र बहादुर गुरुङ, - का.वा. वडाध्यक्ष - ३

प्रस्ताव नं.७१.१

**अनुगमन तथा मूल्याङ्कन गर्ने सम्बन्धी ऐन, २०७५ मा संशोधन सम्बन्धमा ।**

निर्णय नं. ७१.१

बुटवल उपमहानगरपालिकाको मिति २०७५।०९।३० मा बसेको नगरसभा अधिवेशनको निर्णय नं.४.३.२ बाट स्वीकृत अनुगमन तथा मूल्यांकन गर्ने सम्बन्धी ऐन, २०७५ मा कार्यान्वयनको सन्दर्भमा केही थपघट गर्नुपर्ने देखिएकोले उक्त ऐनमा संशोधन गर्ने गरी नगरसभाको आठौ अधिवेशनमा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७१.२

**वालवालिकाको अधिकार व्यवस्थापन गर्ने ऐन, २०७५ मा संशोधन सम्बन्धमा ।**

निर्णय नं. ७१.२

बुटवल उपमहानगरपालिकाको मिति २०७५।०९।३० मा बसेको नगरसभा अधिवेशनको निर्णय नं. ४.२.४ बाट स्वीकृत वालवालिकाको अधिकार व्यवस्थित गर्ने ऐन, २०७५ मा कार्यान्वयनको सन्दर्भमा केही थपघट गर्नुपर्ने देखिएकोले उक्त ऐनमा सशोधन गर्ने गरी नगरसभाको आठौ अधिवेशनमा संशोधन प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७१.३

**बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ सम्बन्धमा ।**

निर्णय नं. ७१.३

यस बुटवल उपमहानगरपालिकाबाट सम्पादन हुने समग्र खरिद सम्बन्धी प्रक्रियालाई खरिद नियमावली बनाई कार्यान्वयन गर्दा थप व्यवस्थित र सहज हुने महशुस भएको हुँदा आजको वैठकमा प्रस्तुत हुन आएको खरिद नियमावली उपयुक्त र आवश्यक समेत देखिएको हुँदा नगरसभाको आठौ अधिवेशनमा बुटवल उपमहानगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७७ छलफलका लागि प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७१.४

**नदीजन्य पदार्थको न्यूनतम विक्री मूल्य तोक्ने सम्बन्धमा ।**

निर्णय नं.७१.४

यस बुटवल उपमहानगरपालिकाको आ.व.०७७।०७८ का लागि राजश्व परामर्श समितिको सिफारिस समेतका आधारमा नदीजन्य पदार्थको न्यूनतम विक्री मूल्य प्रति वर्गफिट भ्याट सहित रु.१५.४१ कायम गरी कार्यान्वयन गर्नका लागि नगरसभाको आठौ अधिवेशनमामा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७१.५

**१२-१९ वडाहरुका लागि फोहरमैला सेवा शुल्क तोक्ने सम्बन्धमा ।**

निर्णय नं. ७१.५

यस बुटवल उपमहानगरपालिकाको दीगो फोहर व्यवस्थापनका लागि वडा नं.१ देखि ११ सम्मका वडाहरुका लागि फोहर व्यवस्थापन सेवा शुल्कको दररेट निर्धारण गरी कार्यान्वयनमा रहेको र बाँकी वडा नं.१२ देखि १९ सम्मका वडाहरुका लागि दररेट निर्धारण गरी कार्यान्वयन गर्न आवश्यक समेत देखिएको हुँदा राजश्व परामर्श समितिको सिफारिस बमोजिम प्रस्तावित दररेट नगरसभाको आठौ अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७१.६

**उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुका लागि ५% धरौटी राख्ने व्यवस्था हटाउने सम्बन्धमा ।**

निर्णय नं. ७१.६

बुटवल उपमहानगरपालिकाको मिति २०७७।०३।०८ मा बसेको नगरसभाको सातौ अधिवेशनबाट स्वीकृत नीतिको पूर्वाधार विकास नीति अन्तर्गत शहरी पूर्वाधार विकास सम्बन्धी नीतिहरुको बुदा नं.१३ मा उपभोक्ता समितिबाट निर्माण गरिने सडक पिच कार्यक्रमको ५% प्रतिशत रकम सोही सडक मरमत, सम्भारका लागि कट्टी गरी एक बर्षसम्म धरौटीमा राखिनेछ । एक बर्षपछि सो रकम सम्बन्धित उपभोक्ता समितिलाई सो सडकको मरमत सम्भार गर्ने काममा प्रयोग गर्ने गरी उपलब्ध गराइनेछ भन्ने उल्लेख भएको भए तापनि उपभोक्ता समिति मार्फत सञ्चालित आयोजनाहरुको हकमा सम्झौता हुँदाका बखत नै सम्झौतामा एक बर्षभित्रमा सडक मरमत गर्नुपर्ने प्रमुख दायित्व सम्बन्धित उपभोक्ताको नै हुने भनि लिखित प्रतिवद्धता गराई कार्यान्वयन प्रकृया अगाडि बढाउने र हाललाई ५% धरौटी लिने व्यवस्थालाई कार्यान्वयन नगर्ने गरी नीतिमा संशोधन गर्न नगरसभाको आठौ अधिवेशनमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७१.७

**म.ले.प.बाट प्राप्त अन्तिम लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।**

निर्णय नं. ७१.७

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयबाट आ.व.०७६/०७७ मा सम्पादित समग्र काम कारवाहीहरुको बारेमा म.ले.प.बाट अन्तिम लेखा परीक्षण भई प्राप्त हुन आएको सुझाव सहितको प्रतिवेदन नगरसभाको आठौ अधिवेशनमा प्रस्तुत गर्ने निर्णय गरियो ।

प्रस्ताव नं.७१.८

कर्मचारी दरवन्दी सम्बन्धमा ।

निर्णय नं. ७१.८

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालयका लागि स्वीकृत हाल मौजुद ३९८ दरवन्दीमा क़ामको चाप र विविध कारणले रिक्त हुने अवस्था समेतलाई मध्यनजर गरी मौजुदा कर्मचारी दरवन्दीमा केही थप गर्न आवश्यक देखिएको हुँदा मिति २०७७।०९।०७ मा बसेको सार्वजनिक सेवा तथा क्षमता विकास समितिको सिफारिस समेतका आधारमा स्वास्थ्य तर्फको हकमा विज्ञ मार्फत विश्लेषण गराई सोही बमोजिम परिमार्जन हुने गरी अन्य देहाय बमोजिमका कर्मचारी दरवन्दी सम्बन्धी पद सृजना गर्ने गरी नगरसभाको आठौ अधिवेशनमा प्रस्ताव पेश गर्ने निर्णय गरियो ।

| पद | तह/श्रेणी | पदसंख्या |
|---|---|---|
| सामाजिक परिचालक | सहायकस्तर चौथो तह | १ |
| फायरमेन | श्रेणीविहिन | २ |

स्वास्थ्य तर्फ संलग्न प्रतिवेदन अनुसारको संरचना र दरबन्दी

प्रस्ताव नं.७१.९

"घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धमा ।

निर्णय नं. ७१.९

बुटवल उपमहानगरपालिकाद्धारा स्वीकृत "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि, २०७४ को नियम २ को उपनियम २ सँग सम्बन्धित अनुसूची ५ बमोजिमको प्रयोजनका लागि गठित समितिबाट सिफारिस भई आए बमोजिम देहायको वर्ग निर्माण व्यवसायीलाई "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र प्रदान गर्ने निर्णय गरियो ।

| क्र.सं. | निर्माण व्यवसायी | ठेगाना |
|---|---|---|
| १. | लुम्विनी निर्माण सेवा | बुटवल उपमहानगरपालिका वडा नं.११ |

प्रस्ताव नं.७१.१० विविध ।

प्रस्ताव नं.७१.१०.१ सम्बन्धमा ।

आ.व.०७७।०७८ का लागि वडाहरुबाट प्राप्त प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका आयोजनाहरु स्वीकृत सम्बन्धमा ।

निर्णय नं. ७१.१०.१

यस बुटवल उपमहानगरपालिका क्षेत्रभित्र संचालित प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आ.व. ०७७।०७८ मा संचालन एवं कार्यान्वयन गर्ने गरी विभिन्न वडाहरुबाट आयोजनाहरु

छनौट भई प्राप्त हुन आएको हुँदा उक्त ३७ वटा आयोजनाहरु स्वीकृत गरी कार्यान्वयन प्रकिया अगाडि बढाउने निर्णय गरियो ।

**प्रस्ताव नं.७१.१०.२**
**कर्मचारी पुरस्कृत सम्बन्धमा ।**
**निर्णय नं. ७१.१०.२**

बुटवल उपमहानगरपालिका नगरकार्यपालिकाको कार्यालय र अन्तर्गतका वडा कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको मनोवल उच्च राख्न नगरसभाको आठौ अधिवेशनको अवसरमा कर्मचारी पुरस्कृत प्रकिया अगाडि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

अन्त्यमा उपस्थित सबैलाई धन्यवाद दिदै का.वा. प्रमुखज्यूबाट वैठक समाप्त भएको जानकारी गराउनु भयो ।